Ohio | Department of Education

# अङ्ग्रेजी सिकिरहेका विद्यार्थीहरूका लागि परीक्षासम्बन्धी व्यवस्था संशोधन भएको सम्बन्धमा

ओहायोका सम्पूर्ण विद्यार्थीहरूले आफ्नो हाइ स्कूलको डिप्लोमा हासिल गर्नु तथा यो लक्ष्य हासिल गर्नका लागि आवश्यक सहायता प्राप्त गर्नु महत्त्वपूर्ण छ। ओहायो शिक्षा विभाग (Department of Education) राष्ट्रिय मूलको आधारमा अल्पसङ्ख्यामा पर्ने अङ्ग्रेजी सिकिरहेका विद्यार्थीहरूलाई यी सहायताहरू प्रदान गर्न प्रतिबद्ध छ। ओहायोले अङ्ग्रेजी सिकिरहेका विद्यार्थीहरूलाई आफूले लिएको विषयहरू अर्थपूर्ण तरिकाले अध्ययन गर्ने तथा ती विषयहरूमा आफ्नो ज्ञान देखाउने विभिन्न माध्यमहरू उपलब्ध गराउँछ। अतः ओहायो राज्यले विशेषगरी अङ्ग्रेजी भाषा दक्षता नजाँच्ने परीक्षासहित अन्य राज्यस्तरीय परीक्षाहरूमा केही निश्चित व्यवस्थाहरू गरेको छ।

यो विभाग आफूले विद्यार्थीहरूलाई दिने सहायता सेवाहरू सुधार गर्ने तर्फ निरन्तर प्रयासरत रहनेछ। परीक्षासम्बन्धी व्यवस्थाको समीक्षा गरेपछि यो विभागले आफ्नो सुलभ पहुँचसम्बन्धी हातेपुस्तिका (Accessibility Manual), ओहायोको राज्यस्तरीय परीक्षा नियम पुस्तिका (State Test Rules Book) र ओहायो ग्रेजुएसन परीक्षा (OGT) सम्बन्धी प्रशासनिक हातेपुस्तिका (Administration Manual) अद्यावधिक गरेको छ। नयाँ व्यवस्थामा भाषिक बाधाहरू न्यूनीकरण गर्ने तथा पहुँच वृद्धि गर्ने उपायहरू अपनाइएको हुनाले यी अद्यावधिकहरूले अङ्ग्रेजी सिकिरहेका विद्यार्थीहरूलाई राज्यस्तरीय परीक्षामा आफ्नो ज्ञान देखाउन सक्षम बनाउनेछन्।

अङ्ग्रेजी सिकिरहेका सबै विद्यार्थीहरूले परीक्षामा अतिरिक्त समय पाउनुका साथै सबै परीक्षामा शब्दिक अनुवाद भएको शब्दकोष प्रयोग गर्न पाउनेछन्। यसका अतिरिक्त, ओहायोको राज्यस्तरीय परीक्षामा प्रश्नपत्रको मौखिक अनुवादको प्रबन्ध मिलाउन सकिनेछ। ओहायो ग्रेजुएसन परीक्षा (OGT) मा विद्यार्थीको अङ्ग्रेजी भाषा दक्षताको मूल्याङ्कन गर्ने पाठन अनुच्छेद र लेखन परीक्षाका प्रतिक्रियाहरू बाहेक अन्य सबै सामग्री अनुवाद गर्न सकिनेछ। उपलब्ध व्यवस्थाहरूको बारेमा ओहायोको सुलभ पहुँचसम्बन्धी हातेपुस्तिका (Ohio's Accessibility Manual) मा विस्तृत जानकारी दिइएको छ। यी व्यवस्थाहरू विद्यार्थी संयुक्त राज्य स्थित विद्यालयमा भर्ना भएको अवधि वा विद्यार्थीलाई अङ्ग्रेजी भाषाको शिक्षार्थीको हैसियत प्रदान गरिएको अवधिको आधारमा निर्धारण गरिँदैन। यी अद्यावधिकहरूमा योग्य विद्यार्थीहरूले तल उल्लेख गरिए अनुसार ओहायो ग्रेजुएसन परीक्षा (OGT) पुनः दिन पाउने व्यवस्था पनि समावेश छ।

**अब ओहायो ग्रेजुएसन परीक्षा (OGT) पुनः दिन पाइने**

यो विभाग ओहायो ग्रेजुएसन परीक्षा (OGT) फेरि दिन पाइने व्यवस्थाको घोषणा गर्दछ। नयाँ व्यवस्था अन्तर्गत जुलाई 1, 2014 अगाडि कक्षा 9 मा भर्ना भएका अङ्ग्रेजी सिकिरहेका विद्यार्थी लगायत अन्य विद्यार्थीहरूले पुनः परीक्षा दिन पाउनेछन्। पुनः परीक्षा दिन इच्छुक विद्यार्थीहरूले ओहायो सार्वजनिक स्कूल डिस्ट्रिक्ट, सामुदायिक स्कूल, सहभागी चार्टर्ड गैर सार्वजनिक स्कूल वा 22 वर्षभन्दा बढी उमेरका विद्यार्थीहरूका लागि वयस्क हाई स्कूल डिप्लोमा कार्यक्रममा आफ्नो नाम दर्ता गर्न सक्नेछन्। स्कूलहरूको सूची यहाँ उपलब्ध छ।

OGT जुन 2022 सम्म उपलब्ध हुनेछ। परीक्षार्थीहरूले वर्षमा तीन पटकसम्म पुनः परीक्षा दिन पाउनेछन्। ओहायोको अनलाइन OGT परीक्षा अवधि सेप्टेम्बरदेखि जुलाईसम्म हुनेछ भने अन्तिम परीक्षाको अवधि जुन 30, 2022 मा समाप्त हुनेछ। परीक्षाको मिति स्थान अनुसार फरक हुनेछ। कागजमा लेखेर दिनुपर्ने परीक्षाको हकमा यी व्यवस्थाहरू शरद, वसन्त र गर्मीको परीक्षा अवधिमा उपलब्ध हुनेछन्। अङ्ग्रेजी सिकिरहेका परीक्षार्थीहरूले उनीहरूको भाषा दक्षता स्तरको आधारमा आवश्यक सहायता पाउनेछन्। थप जानकारीका लागि कृपया ओहायो ग्रेजुएसन परीक्षा (Ohio Graduation Test) वेबपेजमा जानुहोस्। प्रश्नहरू भएमा statetests@education.ohio.gov मा इमेल पठाएर वा (614) 466-1317 मा फोन गरेर परीक्षा कार्यालय (Office of Assessment) मा सम्पर्क गर्नुहोला।